# राष्ट्रिय सूचना आयोग

**का.म.न.पा.-१० (देवीनगर) काठमाडौं**

प. सं. ०७५/७६
च. नं.

## स्थापना दिवसमा सूचनाको हकसम्बन्धी सामाग्रीहरु प्रकाशन तथा प्रशारण गर्न अनुरोध गरिएको प्रेस विज्ञप्ति

विश्वभर फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट नागरिकलाई सुरक्षित राख्न नेपाल सरकारले घोषणा गरेको लकडाउन एवम् सार्वजनिक कार्यक्रमहरु नगर्न गरिएको आह्वानलाई आत्मसात गर्दै राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष बैशाख २२ गते मनाउँदै आएको आयोगको स्थापना दिवस यस वर्ष औपचारिक रुपमा नमनाउने निर्णय गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएपश्चात् स्थापित यस आयोगले स्थापनाकालदेखि निरन्तर रुपमा सूचनाको हक संरक्षण, सम्वर्द्धन एवम् प्रचलन गर्न गराउनका लागी उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । यसबाट थुप्रै सकारात्मक परिणामहरु आइरहेका पनि छन् । सूचनाको हकको महत्व र यसले खेल्ने भूमिका विश्वव्यापी रुपमा अझ व्यापक एवम् लोकतन्त्रका लागि अपरिहार्य हुँदै गएको अवस्था छ । तसर्थ, यस्तो महत्वपूर्ण संवैधानिक हकका रुपमा रहेको सूचनाको हकको संरक्षण, सम्वर्द्धन एवम् प्रचलनका लागि स्थापित आयोगको स्थापना दिवसका अवसरमा (बैशाख २२) सबै आमसञ्चार माध्यमहरुले सूचनाको हकको महत्वका बारेमा प्रकाश पार्ने प्रकारका सूचना सामाग्रीहरु प्रकाशन तथा प्रशारण गरिदिनुहुन हार्दिक आह्वान गर्दछ ।

२०७७ बैशाख १०, बुधबार

राष्ट्रिय सूचना आयोग
प्रवक्ता